# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ३१ | बुटवल | २०८२ माघ ११ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday January 25, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# युरोप पठाउने भन्दै करिब तीन करोड ठगी

कार्तिक २४ गते पक्राउ पुर्जी जारी भए पनि प्रहरीले पक्राउ नगर्दा माघ १ गते यादव विदेश गए। प्रहरी प्रशासनको आलटाल र ढिलासुस्तीबारे छानबिन हुनुपर्ने पीडितहरुको माग गरेका छन्।



**टिआर शर्मा**

*बुटवल*

वैदेशिक रोजगारीका लागि युरोपियन मुलुक पठाइदिने भन्दै रुपन्देहीको मायादेवी गाउँपालिका-२ का पिताम्बर यादवले ठूलो रकम ठगी गरेको पीडितहरूले गुनासो गरेका छन्। पीडितहरूले शनिबार पत्रकार सम्मेलन गरी विभिन्न जिल्लाका करिब ४० जनाबाट झन्डै तीन करोड रुपैयाँ ठगी गरिएको सार्वजनिक गरेका हुन्। पीडितहरुका अनुसार यादवले आफू युरोप पठाउने भरपर्दो 'एजेन्ट' भएको दाबी गर्दै आकर्षक तलबको प्रलोभन देखाएर युवाहरुलाई नक्कली भिसा दिएर ठगेका छन् । तीन महिनामा भिसा लाग्ने, राम्रो आम्दानी हुने र कानुनी प्रक्रिया पूरा गरिदिने आश्वासन दिएर यादवले एक व्यक्तिबाट ४० लाख रुपैयाँसम्म रकम उठाएको पीडितमध्येका एक तिलोत्तमा वडा नं. ६ का गोपाल रिजालले बताए । रिजालका अनुसार बागलुङका खिम छन्त्यालबाट यादवले ४० लाख लिए पनि यूरोपमा रोजगारीका लागि पठाएनन्। ऋण लिएर यादवलाई लाखौं रकम दिएपनि युरोप जान नपाएपछि छन्त्याल मानसिकरुपमा विक्षिप्त भएका र सम्पर्कविहीन बनेका रिजालले बताए। यादवले आफूबाट १३ लाख ५० हजार लिएका र त्यसको प्रमाण समेत रहेको रिजालले बताए।

'मलाई स्वीटजरल्याण्डसँग जोडिएको लेक्सिटाइन भन्ने देशमा पठाउने भनेर पटक-पटक गरी १३ लाख ५० हजार लिए, थाइल्याण्ड गएर भिसा लाग्छ भनेर टुरिस्ट भिसामा थाइल्याण्ड पुऱ्याएर ४० दिन राखेपछि भिसा दिए, तर पछि त्यो नक्कली भन्ने पुष्टी भयो,' रिजालले भने-'ग्रील उद्योग बेचेर, ससुरालीसँग ऋण लिएर र घरजग्गा धितो राखेर झण्डै २० लाख खर्च भयो, तर यूरोपमा रोजगारीमा जान पाइएन अहिले घर न घाटको भएको छु, दिमागमा ऋण कसरी तिर्ने भन्ने चिन्ता मात्र छ।'

भिसा पाएपछि काठमाडौं आएर लेक्सिटाइन जाने तयारी गर्दा कसैले उक्त भिसा फेक हो भनेपछि वैदेशिक रोजगार विभाग र सम्बन्धित देशको दुतावासमा गएर बुझ्दा नक्कली भिसा भनेपछि आफू त्यहीं ढलेको रिजालले गुनासो गरे।

रिजालका अनुसार यादवको समूहले थाइल्याण्डमा नक्कली इमिग्रेसन अफिस र नक्कली पोर्टल (वेबसाइट) बनाएर भिसा ट्र्याकिङ गर्दा निश्चित अवधिसम्म सक्कली नै देखाउने गरी संगठित र योजनावद्ध ठगी गरेको दाबी गरे।

नेपालबाट आफूहरु थाइल्याण्ड पुग्दा करिब दुई सय जना भारतीय र सय जना नेपाली पनि यूरोपमा जान भन्दै पुगेकाले प्रभावकारी अनुसन्धान हुने हो भने यादवको समूहले सयौं जनालाई ठगेको पुष्टी हुने रिजालले औंल्याए।

अर्का पीडित रोहिणी गाउँपालिका वडा नं. १ का सन्दिपकुमार यादवले अजरबैजान पठाउने भन्दै यादवले आफ्नो ६ लाख ७० हजार ठगेको बताउँदै आफूलाई पनि नक्कली भिसा दिएर ठगेको बताए। अजरबैजान पठाउन नसकेपछि बोस्निया पठाउने भनेर अल्मल्याएको, तर बोस्नियाको पनि नक्कली भिसा दिएर ठगेको यादवले गुनासो गरे।

ठगिएको थाहा पाएर रकम फिर्ता माग्दा नदिएपछि आफूहरु वैदेशिक रोजगार विभाग भएर उजुरी गरेको र पक्राउ पुर्जी जारी भए पनि प्रहरीले चासो नदिँदा यादव र उनकी श्रीमती दुबै विदेश भागेको सन्दिपले गुनासो गरे।

'कार्तिक २४ गते पक्राउ पुर्जी जारी भएको थियो, तर प्रहरीले पक्राउ नगर्दा माघ १ गते यादव विदेश गएर सुरक्षित भएको सूचना छ,' सन्दिपले भने-'प्रहरी प्रशासनको आलटाल र ढिलासुस्तीबारे पनि छानबिन हुनुपर्छ।'

पीडितहरूले यादवविरुद्ध जिल्ला प्रशासन कार्यालय, प्रहरी तथा वैदेशिक रोजगार विभागमा पटक-पटक उजुरी लिएर जाँदा समेत हालसम्म कुनै ठोस कारबाही अघि नबढेको गुनासो गरेका छन्।

तिलात्तमा १४ का अमरजित सेन्चुरी, मुक्ति कालिकोटे र शिव आलेलाई सर्बिया पठाउने भन्दै यादवले तीनजनाबाट १३ लाख रुपैयाँ लिएर नपठाएको सेन्चुरीले गुनासो गरे।

'ठगिएपछि हामीले सबै प्रमाणसहित उजुरी दिन गएका थियौं, तर प्रहरीले अनेक बहानामा आलटाल गर्दा पीडितहरु थप पीडामा परेका छौं।'-सेन्चुरीले भने।

» बाँकी ३ पेजमा

# थापा र पोखरेलको प्रतिस्पर्धामा नयाँ उम्मेदवारको प्रवेश

**एमालेका सूर्य थापा र कांग्रेसका डा. गोविन्द पोखरेलबिच मुख्य प्रतिस्पर्धा हुने ठानिएको प्यूठानमा नयाँ उम्मेदवार पनि चुनावी मैदानमा छन्। ती नयाँ उम्मेदवारले ल्याउने र काट्ने मतले नै थापा र पोखरेलको जित-हारको टुंगो लगाउने छ।**



**लवकुमार अधिकारी**

*प्यूठान*

आगामी प्रतिनिधिसभा निर्वाचनमा अनुभवी नेतासँगै नयाँ नेता चुनावी मैदानमा उत्रेका छन् । पूराना दलका अनुभवी खेलाडीसँगै नयाँ दल र उम्मेदवारको प्रवेशले चुनावी प्रतिस्पर्धा रोचक हुने देखिएको छ।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेससहित पाँच दली गठबन्धन थियो। त्यो गठबन्धनबाट राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल मैदानमा थिइन् । पाँच दलीय दरिलो गठबन्धनलाई एमालेका उम्मेदवार सूर्य थापाले पराजित गरेका थिए। कांग्रेसको असन्तुष्टिमा खेल्दै जित निकालेका थापा अहिले पनि चुनावी मैदानमा छन् । उनले जित्ने योजनाका साथ एमालेको मत जोगाउँदै अन्य दलको अन्तरविरोधमा खेल्दै अघि बढेका छन् । यसपाली कांग्रेसले राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्द पोखरेललाई उम्मेदवार बनाएको छ । पार्टीभित्रको अन्तरविरोध व्यवस्थापन गर्दै चुनावी नतिजा हात पार्न उनले मिहिनेत गरिरहेका छन्। कांग्रेसमा शेखर कोइराला निकट मानिने पोखरेललाई गत वर्ष एमाले उम्मेदवार थापालाई सहयोग गरेको आरोप लागेको थियो। त्यो आरोपलाई चिर्दै उनी कार्यकर्ता र मतदातासमक्ष पुगिरहेका छन्।

२०७९ को चुनावमा एमाले उम्मेदवार थापाले ४१ हजार १ सय १८ मत प्राप्त गरेका थिए। अहिले पनि जित हात पार्ने उनको दाउ छ। उनले भने-'मेरो कुनै दलसँग प्रतिस्पर्धा छैन, मलाई जनताको अपार विश्वास र माया छ।' २०७४ को चुनावमा वाम गठबन्धनकी दुर्गा पौडेल विजयी भएकी थिइन्। उनले ४७ हजार ५ सय १४ मत ल्याएकी थिइन्। कांग्रेसका डा. पोखरेलले ३१ हजार २ सय ८६ मत प्राप्त गरेका थिए।

कांग्रेस उम्मेदवार पोखरेलले युवा आकांक्षा पूरा गर्ने र निराशा चिरेर आशा जगाउने गरी चुनावी मैदानमा उत्रेको बताए। 'हामीले धेरै सुधार गरेर अघि बढ्नुछ। शासकीय सुधार र नीतिगत सुधार गरी समाजमा आशा जगाउन सक्दा मात्रै लोकतन्त्रप्रति विश्वास जगाउन सकिन्छ।'-उनले भने।

राष्ट्रिय जनमोर्चाबाट २०७४ सालको स्थानीय तह झिमरूक गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएका तिलक जिसी यसपटक प्रतिनिधिसभामा पुग्ने लक्ष्यसहित प्रतिस्पर्धामा उभिएका छन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ जनमोर्चाले ९ हजार ९ सय ५९ मत प्राप्त गरी जिल्लाको चौथो दल बनेको थियो। २०३६ सालदेखि विद्यार्थी आन्दोलनबाट राजनीति यात्रा सुरु गरेको हुँदा जेनजी आन्दोलनबाट उठेका बेथिति र भ्रष्टाचार अन्त्यको लागि उम्मेदवारी दिएको जिसी बताउँछन् । २०७० मा तत्कालिन नेकपा माओवादीबाट कृष्णध्वज खड्का प्रतिनिधिसभा चुनावमा पराजय भए पनि २०७४ मा बाम गठबन्धनबाट प्यूठान क्षेत्र नम्बर १ मा २७ हजार ९ सय १० मत प्राप्त गरी विजयी बनेका थिए। लुम्बिनी प्रदेशको अर्थमन्त्री समेत बनेका खड्का यतिबेला प्रतिनिधिसभा सदस्यको लागि पुनः मैदानमा उत्रिएका छन् । 'जेनजी आन्दोलनबाट त्यस्ता केही नयाँ अपेक्षाहरू छन्, सुशासन, भ्रष्टाचारमुक्त र रोजगारीका निम्ति जुन आवाज उठाएका छन्, मुख्यतः यी कुरालाई पुरा गर्ने उद्देश्यले मैले उम्मेदवारी दिएको छु।'-उनले भने।

अघिल्लो निर्वाचनमा समानुपातिक मतको आधारमा जिल्लामा छोटो समयमै पाँचौ दलका रूपमा स्थापित राष्ट्रिय स्वतन्त्र पार्टी दोस्रो पटक संघीय निर्वाचनमा सहभागी हुँदैछ । रास्वपाले ०७९ मा समानुपातिकतर्फ ५ हजार ८ सय ५१ मत प्राप्त गरेको थियो। प्रत्यक्षतर्फ रास्वपाका उम्मेदवार कृष्ण पोखरेलले ३ हजार ३ सय ११ मत प्राप्त गरेका थिए । यसपटक रास्वपाले नयाँ अनुहारका रूपमा शुसान्त वैदिकलाई चुनावी मैदानमा उतारेको छ । वैदिकले लुम्बिनी प्रदेशको अर्थविज्ञका रूपमा काम गरेका छन्। चुनावी अभियानमा लागिरिहेका उनले भने-'राजनीति सुविधा होइन, जिम्मेवारी हो। पद होइन, सेवा हो। जनताको कर जनताकै हितमा प्रयोग होस्। र भ्रष्टाचार, नातावाद र जवाफदेहिता नहुने संस्कारको अन्त्य होस्।'

यस पटकको प्रतिनिधिसभामा विभिन्न १२ दल र दुई स्वतन्त्र गरी १३ जना चुनावी मैदानमा उत्रिएका १२ जना उम्मेदवारमध्ये १३ जना पुरूष छन् । जसमध्ये १३ पुरूषलाई चुनौती दिँदै तत्कालीन नेकपा माओवादी केन्द्र की केन्द्रीय सदस्य सीता विक (सम्झना) सांसदको दौडमा छिन् । विक नेकपा माओवादीले नेतृत्व गरेको दश वर्षे सशस्त्र जनयुद्धको क्रममा जनमुक्ति सेनाकी बटालियन कमाण्डर थिइन् । यस पटक प्यूठानबाट एक महिला उम्मेदवार उभिएकी छिन्।

द्वन्द्व, त्याग र राजनीतिक यात्राको लामो अनुभव रहेकाले आफूले संसदमा महिला, दलित र पछाडि पारिएका समुदायको आवाज उठाउने उनी बताउँछिन्।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट उम्मेदवार दिएका गोविन्द गिरी यतिबेला सांसद बन्ने दौडमा छन्। करिव ३२ वर्ष नेकपा एमालेमा रहेर जिल्ला सदस्य समेत बनेका गिरि जेनजी आन्दोलनपछि पार्टी परित्याग गरेका थिए। गिरी स्वतन्त्र उम्मेदवार बन्ने घोषणासहित जिल्लाको कुना-कुनामा पुगेका छन्। रूपान्तरण, जनताको जनस्तर र श्रमलाई सम्मान गर्नेको लागि आफ्नो उम्मेदवारी दिएको गिरी बताउँछन्।

पुराना राजनीतिक अनुहार संगठनात्मक बलसहित मैदानमा छन् भने नयाँ उम्मेदवार परिवर्तन र नयाँ अभ्यासको एजेन्डा लिएर मतदातामाझ पुगेका छन्।

नौ स्थानीयतह, दुई प्रदेश क्षेत्र र एक संघीय निर्वाचन रहेको प्यूठान जिल्लामा १ लाख ६५ हजार ४ सय ६ कुल मतदाता रहेका छन्। यहाँ १ सय ५८ मतदान स्थल र २ सय ३० मतदान केन्द्र रहेका छन्।

# पूर्व मुख्यमन्त्री केसीको विद्रोह

नेकपाले टिकट नदिएपछि लुम्बिनीका पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीले दाङ–१ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन्। पार्टीबाट टिकट लिएर तारा चुनाव चिन्ह चाहेका उनलाई निर्वाचन आयोगले आँप चिन्ह दिएको छ।



बुटवल। लुम्बिनीका पूर्व मुख्यमन्त्री कुलप्रसाद केसी नेपाली कम्युनिष्ट पार्टीबाट रोल्पा वा दाङको कुनै क्षेत्रबाट उम्मेदवार हुन चाहन्थे । उनलाई उम्मेदवार बनाउन नेताहरु अनुदार नभएको भए उनको चुनाव चिन्ह तारा हुन्थ्यो। रोल्पा र दाङबाट पार्टीले उम्मदेवार नबनाएपछि उनले विद्रोह गरेका छन्। र, उनी दाङ–१ बाट उम्मेदवार भएका छन् । बागी उठेपछि उनलाई नेकपाले पार्टीबाट निष्कासन गरेको छ।

रोल्पामा एउटा मात्रै क्षेत्र छ। त्यहाँ वर्षमान पुन नै अघि सरेपछि कुलप्रसादको चर्चा नै गरिएन्। पूर्व माओवादीको राम्रो पकड भएको र प्रदेश मुकाम राप्ती उपत्यका समेत भएको दाङ–१ बाट उम्मेदवार बन्न उनले पार्टीमा चर्को लविङ गरे। नेकपा अध्यक्ष पुष्पकमल दाहाल, सह-अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता कृष्णबहादुर महरा, वर्षमान पुनलगायतका नेताहरुसँग उनले प्रष्टसँग भने-'मलाई टिकट दिनुस, चुनाव जित्छु। दिनुहुन्न भने मेरो उम्मेदवारी पर्छ।' धेरै घुमाएर कुरा गर्न नजान्ने, लागेको कुरा प्रष्ट बोल्ने खरो स्वभावका उनको कुरा नेताहरुले झट्टै पत्याएनन्। उनलाई नेताहरुले टिकट दिएनन्। त्यसपछि उनले भनेझैं उनको उम्मेदवारी परेको छ।

आफूले जीवनको लामो समय बिताएको र संघर्ष गरेको पार्टीले टिकट नदिएपछि उनले पार्टीबाट राजीनामा दिँदै स्वतन्त्र उम्मेदवारी दिएका छन्। कुलप्रसाद माओवादी जनयुद्धमा जुझारु नेता हुन्। कुनै बेला माओवादीको युवा संगठन वाइसिएलका इञ्चार्ज भएका उनको स्वभाव खरो छ। २०७४ सालमा रोल्पाबाट प्रदेशसभामा निर्वाचित उनी शंकर पोखरेल मुख्यमन्त्री हुँदा आन्तरिक मामिला तथा कानुनमन्त्री थिए। त्यसपछि मुख्यमन्त्री हुन सफल भए। २०७९ सालको चुनावमा उनले टिकट पाएनन्। राष्ट्रियसभादेखि अनेक आश्वासन पाएका उनले सबैतिरको बाटो छेकिएको भन्दै पार्टीबाट विद्रोह गरी स्वतन्त्र उम्मेदवारी दिएका हुन्। 'उहाँ पार्टीले दिएको जिम्मेवारी पूरा गर्ने खरो स्वभावको नेता हो, खुरुखुरु काम गर्ने व्यक्तिको अपमान भएपछि विद्रोह स्वभाविक हो।'-कुलप्रसाद निकट नेकपा लुम्बिनी प्रदेश कमिटीका एक सदस्यले भने।

यो क्षेत्रमा नेकपाबाट मेटमणि चौधरी उम्मेदवार छन्। एमाले फुटाउन माधव नेपाललाई खरो रुपमा उत्रेर सहयोग गरेका उनको नाममा नेपालले अडान लिएर निर्णय गराएका थिए। नेपालको अडान सामु अन्ततः अध्यक्ष दाहाल समेत गले। चौधरीसँग पूर्व माओवादी पंक्ति असन्तुष्ट रहेको भेउ पाएका कुलप्रसादले चुनाव जित्ने रणनीति बुन्दै मैदानमा खटेका छन्। प्रदेश राजधानी राप्ती उपत्यकामा सार्न एक्सनमा उत्रेको उनको चुनावी नारा छ। पूर्व माओवादीका पोलिटब्यूरो सदस्य कुलप्रसादसँग माओवादी पंक्तिको तल्लो तहसम्म सम्बन्ध र सम्पर्क छ। यही सम्पर्कलाई प्रयोग गर्दै उनले चुनावी अभियान चलाएका छन्। नेकपाले आधिकारिक उम्मेदवारको पक्षमा लाग्न भन्दै निर्देशन दिएपछि कार्यकर्ता पंक्ति खुलेर नलागे पनि भित्रभित्रै उनकै पक्षमा खुलेको देखिन्छ।

२०७९ सालको चुनावमा यो क्षेत्रबाट मेटमणिले गठबन्धनको साझा उम्मेदवार भएर जिते। कुलप्रसादले पनि त्यसबेला उम्मेदवारी दाबी गरेका थिए। मेटमणि उम्मेदवार भएपछि उनी चुपचाप बसेर स्वीकार गरे। तर यसपाली पनि उनको दाबीलाई बेवास्ता भएपछि विद्रोह गरे।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## प्रत्यक्ष कार्यकारीको झल्को

मुख्य दलहरू चुनावी मैदानमा छन् । मनोनयनपछि प्रचारको राप र ताप बढेको छ। अझ दलहरूले भावी प्रधानमन्त्रीको निर्णय नै गरेर अघि बढेपछि चुनावी माहौल चर्केको छ । एमालेले अध्यक्ष केपी ओलीलाई भावी प्रधानमन्त्रीमा सार्दै गर्दा कांग्रेसले सभापति गगन थापालाई प्रधानमन्त्री उम्मेदवार बनाउने निर्णय गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले बालेन्द्र साहलाई प्रधानमन्त्री घोषणा गरेको छ। त्यसो त हर्क साम्पाङदेखि पुष्पकमल दाहालसम्म भावी प्रधानमन्त्रीको दौडमा छन् ।

संसदीय व्यवस्था भएको मुलुकमा प्रधानमन्त्री जनताले प्रत्यक्ष चयन गर्ने होइन । संसदमा चुनिएका सदस्यहरूले चयन गर्ने हो । संसदमा बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री हुने संवैधानिक प्रबन्ध छ । कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा दुई वा दुईभन्दा बढी दलमिलेर सरकार बनाउने प्रबन्ध संविधानले गरेको छ। यो संवैधानिक प्रबन्धले अहिले नै प्रधानमन्त्री बन्ने आकांक्षा राखेका नेताहरू बन्न नसक्ने अवस्था पनि छ । चुनाव हार्दा त स्वतः निर्णय खारेज भयो । प्रधानमन्त्री बन्ने निर्णय गराएका नेताले जित निकाले पनि उनको दलले जित निकाल्न नसक्दा अर्कै पार्टीको नेता प्रधानमन्त्री बन्न सक्छ । संसदीय व्यवस्थामा संसद सर्वेसर्वा हो । संसदको गणितले प्रधानमन्त्री निर्धारण गर्छ । प्रत्यक्ष कार्यकारी भएको मुलुकमा चुनावमा प्रधानमन्त्री घोषणा गरेर जानु जति स्वभाविक हुन्छ, संसदीय व्यवस्था भएको मुलुकमा प्रधानमन्त्रीको घोषणा स्वभाविक देखिएन् । यद्यपि दलहरूले चुनावी नतिजालाई आफ्नो पक्षमा पार्न गरेको निर्णयको रूपमा पनि अर्थ्याएका छन् ।

२०७९ सालमा चुनाव भयो । तीन वर्षमै संसद विघटन भयो । संसदको विघटन सामान्य अवस्थामा भएको थिएन् । जेनजी विद्रोह र विध्वंशपछि संसदको विघटन भएको हो । त्यसपछि बनेको अन्तरिम सरकारले फागुन २१ गते चुनाव गर्ने घोषणा गऱ्यो । जेनजी विद्रोह र विध्वंशलाई हेर्ने दृष्टिकोणमै दलहरूबिच भिन्नता छ । जेनजी विद्रोहलाई स्वभाविक मान्ने र षड्यन्त्र मान्ने बारेमा दलहरूबिच आएको भिन्नताकै कारण कतिपयले यो चुनावलाई लघु जनमतसंग्रहको संज्ञा दिएका छन् । खासमा यो चुनाव यही रूपमा पनि बुझ्न सकिन्छ । प्रधानमन्त्रीको दुई उम्मेदवार केपी ओली र बालेन्द्र साह झापा-५ बाट चुनावी मैदानमा छन् । जेनजी विद्रोहलाई हेर्ने दृष्टिकोणमै भिन्नता रहेका यी दुई पात्रमध्ये एक प्रारम्भिक दौडमै पछि पर्ने निश्चित छ । किन भने दुईमध्ये एकको हार निश्चित छ । कांग्रेस सभापति गगन थापा महोत्तरी-४ मा उम्मेदवार छन् । प्रधानमन्त्रीका चर्चित तीन अनुहार तराई-मधेसबाटै उम्मेदवार छन् । यसले तराई-मधेस नै मुलुकको राजनीतिको इपिसेन्टर भएको पुष्टि गरेको छ ।

चुनाव पहिले प्रधानमन्त्री घोषणा गर्दा समेत राजनैतिक स्थिरता हासिल नभएको मुलुकको अनुभव छ । २०५६ सालमा कांग्रेसले कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री घोषणा गरेर चुनावी मैदानमा होमियो । चुनाव जितेपछि भट्टराई प्रधानमन्त्री त बने, तर लामो समय टिक्न पाएनन् ।

प्रत्यक्ष कार्यकारी जस्तो संसदीय व्यवस्थालाई ठान्नु हुँदैन । संसदीय व्यवस्था उदार लोकतान्त्रिक व्यवस्था हो । कार्यकारीको चयन संसदले गर्ने भएकाले उनलाई नियन्त्रण पनि संसदले गर्छ । संसदीय व्यवस्थामा पहिले नै प्रधानमन्त्री घोषणाभन्दा दलका एजेण्डा र कार्यक्रम महत्वपूर्ण हुन् । ती एजेण्डा र कार्यक्रमले मतदातालाई आकर्षित गर्न सक्नुपर्छ ।

### निर्वाचन प्रहरी भर्ना:

## तेस्रो पटक म्याद थप्दा पनि मागअनुसार आवेदन परेन



ढोरपाटन । बागलुङमा निर्वाचन प्रहरी भर्नाका लागि तीन पटक म्याद थप गर्दा पनि मागअनुसारको आवेदन आउन सकेको छैन ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका जिल्लामा एक हजार २९८ जना नेपाल प्रहरीतर्फ र १८९ जना सशस्त्र प्रहरीबाट गरी कूल एक हजार ४८७ जना माग गरिएको थियो । तर हालसम्म नेपाल प्रहरीबाट एक हजार ४८ र सशस्त्र प्रहरीबाट तीन जना गरी एक हजार ५१ जनाको मात्र आवेदन परेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिए । हालसम्म पुरुष ८२३ जना र महिला २२८ जनाले आवदेन दिएको उनको भनाइ छ ।

गत पुस २४ गतेदेखि माघ १ गतेसम्म दरखास्त आह्वान गरिको थियो । उक्त समय अवधिमा माग अनुसार दरखास्त नआएपछि थप माघ २ र ३ गते दुई दिन थप गरिएको प्रहरी उपरीक्षक भारतीले बताए । माग अनुसारको आवेदन पूरा हुनका लागि अझै ४३६ जना आवश्यक रहेको उनको भनाइ छ ।

मागअनुसारको आवेदन नआएपछि तेस्रो पटक आइतबारसम्मलाई आवेदन दिन म्याद थप गरेको छ । आवेदकहरूलाई सहज होस् भन्ने हिसाबले जिल्ला प्रहरी कार्यालय बागलुङसहित इलाका प्रहरी कार्यालय बुर्तिबाङ र गलकोटबाट पनि आवेदन दिन सकिने उनी बताउँछन् ।

# वायु प्रदूषणको अवस्था कस्तो छ नेपालमा ?



**निर्मल चौधरी**

इण्डियाको दिल्ली क्षेत्रमा आजकाल भयानक वायु प्रदूषणको चपेटामा परेको छ। आवश्यक भएमा मात्रै कक्षा सञ्चालन नभए स्कुलहरु सबै अनलाइन गरिएका छन् । सबै निर्माण कार्यहरु निषेध गरिएको छ। सबै मालवाहक ट्रकहरु दिल्ली छिर्न निषेधित छन् र जोड बिजोडको आधारमा सवारी साधन सञ्चालन गर्न निर्देशन गरिएका छ । घना तुवाँलोले गर्दा ट्रेन र हवाई यात्राहरु प्रभावित भएका छन् । मानिसहरुलाई आपतकालिन अवस्थामा बाहेक घरमै बस्न निर्देशन गरिएको छ। करिब ३ करोड जनसंख्या भएको दिल्लीमा भयावह तुवाँलोमा ब्यूँझिनु पर्ने र सुत्नु पर्ने अवस्था रहेको छ । विश्वकै शक्तिशाली अर्थतन्त्र बोकेको भारतले आफ्नै बासिन्दालाई स्वच्छ वायु सुनिश्चित गर्न सकेको छैन। दिल्लीको मूख्यमन्त्री सहभागी हुने कार्यक्रमहरुमा "ए क्यू आईँ ए क्यू आइ" भन्ने नारा लागिरहेको छ। मानिसहरुमा टाउको दुख्ने, आँखा र छाती पोल्ने र रसाउने, रुघाखोकी लाग्ने, घना तुवालोले गर्दा सडक दुर्घटनाहरु बढ्ने क्रम चलिरहेको छ। हाल राजधानी दिल्लीको वायु गुणस्तर सूचाङ्क (ए क्यू आइ) ३०० देखि ५०० बिचमा चलिरहेको छ, जुन विश्व स्वास्थ्य संगठनको स्वच्छ वायुको मापदण्डभन्दा ३० गुणाभन्दा धेरै हो । नेपालमा भित्रिने मनसून इण्डियाकै भूभाग हुँदै नेपाल आउने भएको प्रमाणको आधारमा इण्डियाको वायुमा रहेका सबै प्रदुषक तत्वहरु समेत नेपाल भित्रिरहेको छन् । इण्डियामा उत्सर्जन भएको सल्फेटका कणहरु नेपालको वायुमा पाइएको एउटा अध्ययनमा समेत देखिएको छ । नेपालमा पनि विभिन्न स्थानहरुमा सञ्चालित वायु गुणस्तर मापन केन्द्रहरुको तथ्याङ्क हेर्ने हो भने पनि दिल्लीको जस्तै अवस्था नेपालमा हुँदै गइरहेको छ।

विश्व बैंकले यसै वर्ष प्रकाशन गरेको वायु प्रदूषण सम्बन्धी एक प्रतिवेदन १३ मा नेपालमा विशेषत काठमाडौं उपत्यका र समग्र तराई क्षेत्रमा वायु गूणस्तर घट्दै गएको देखाएको छ । यस प्रतिवेदन बमोजिम नेपालका तराई क्षेत्रको पनि दक्षिणी क्षेत्र सबै प्रदुषित भएको विशेषत देखिए पनि काठमाडौं उपत्यका क्षेत्र, कपिलवस्तुको पूर्वी भागदेखि भैरहवा-बुटवल-परासी-सुस्ता क्षेत्र, वीरगञ्ज क्षेत्र, राजविराज र विराटनगर क्षेत्रहरु हदैसम्म वायु प्रदूषणको चपेटामा परेको देखिन्छ । फेरि यिनै क्षेत्रहरुमा देशकै उच्च जनघनत्व भएका क्षेत्रहरु रहेका छन् । सोही प्रतिवेदनले नेपालमा प्रत्यक्ष रुपमा वायु प्रदूषणले गर्दा वर्षेनी २६ हजार मानिस मृत्य भइरहेको र नेपालीहरुको औषत आयू करिब ३.५ वर्षले घटिरहेको जनाएको पनि हदैसम्म प्रदुषित क्षेत्रहरुमा रहेका बासिन्दाहरुको जीवन अझ धेरै वर्षहरुले घटिरहेको निश्चित छ । यसै त वायु प्रदूषणले गर्दा उच्च रक्तचाप, हृदयसम्बन्धी रोगहरु, फोक्सो संक्रमण र क्यान्सर, मधुमेह जस्ता रोगहरु लिएर बाँचिरहेकै छौं । नयाँ जन्मेका शिशुहरु न्यून तौल लिएर जन्मिरहेका छन् । न्यून वायु गुणस्तरमा हुर्किरहेका बोट बिरुवा होस् वा कुनै पनि जीवजन्तु, प्रदुषित वायुमा भविष्य बोकेका हाम्रा बालबालिका पनि सुरक्षित छैनन् । वातावरण स्वच्छता र वातावरणीय अवस्थाको सटिक दृश्य वायु गुणस्तर सूचाङ्कले दिन सक्ने भएकोले वायु गुणस्तरसम्बन्धी जानकारी हामी सबैले राख्नु एकदम जरुरी छ।

वायु गुणस्तर सूचाङ्क (एअर क्वालिटी इन्डेक्सः ए.क्यू.आइ) वायुमा भएका हानिकारक ग्यास र कणहरुको मात्रा र सोबाट मानव स्वास्थ्यमा पर्ने जोखिमको सूचक हो। यस मापनमा स्थानको वायुमा रहेका धुलोका कणहरु (पार्टिकुलेट म्याटरः पि.एम.२.५ र पि.एम.१०) र ग्यासहरुमा कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड, नाइट्रोजन डाइअक्साइड र ओजोन मापन गरिन्छ। पि.एम. २.५ र पि.एम. १० हरु धुलो र धुँवाबाट उत्सर्जित कणहरु हुन् र यसमा भएको अंकले सो कणहरुको आकार जनाउँदछ । पि.एम.१० भन्नाले व्यास १० माइक्रोमिटर र सो भन्दा मूनीका सबै कण जनाउँदछ भने व्यास २.५ माइक्रोमिटर सम्मका सबै कणहरुलाई पि.एम.२.५ भनिन्छ। आकारको तुलना गर्ने हो भने हाम्रो कपालको मोटाई अर्थात् व्यास लगभग ७० माइक्रोमिटर हुन्छ । श्वाँस प्रश्वाँश गर्दा पि.एम.१० का कणहरु नाकभित्र पसेर संक्रमण गर्ने, नाकको छिद्र जाम गर्ने र पिनास बढाउने हुन्छन् भने पि.एम.२.५ का कणहरु श्वाँसनली पार गर्दै फोक्सो भित्र रगतसँग मिसिएर शरीरका अन्य भित्री भागमा पुग्न सक्छन् । हाम्रा मुख्य रक्तनली एवं सहायक रक्तनलीहरु बाहेक अन्य रक्तनलीहरुको व्यास २.५ माइक्रोमिटरभन्दा कम हुने भएकोले पि.एम.२.५ का कणहरु स-साना रक्तनलीहरुमा अड्किएर रक्त सञ्चारमा अवरोध गर्ने रक्तचाप बढाउने र शरीरमा अक्सिजन वितरणमा अवरोध गर्ने विकारहरुको निष्काशन बन्द गरेर अंग र प्रत्यंगको कामहरु बिगार्ने, स्फूर्ति घटाउने र अन्य रोगहरुको कारण बन्ने हुन्छ। धुलोको कणहरुमा अन्य रसायन, जीवाणुलगायत भाइरसहरु समेत टाँसिएर रहन सक्ने भएकोले विशेषतः पि.एम.२.५ बाट शरीरमा संक्रमण फैलिने, रुघा खोकी लाग्ने, फोक्सोको क्यान्सर, रक्तनली बन्द गरेर मुटु किड्नी र मस्तिष्क जस्ता महत्वपूर्ण अंगहरुमा आघात पुऱ्याउने खालका हुन्छन् । यसको मूख्य स्रोतहरु खुला निर्माण कार्य धुँवा उद्योगका उत्सर्जन सवारी साधनहरुबाट हुने उत्सर्जन आदि हुन् । विकास निर्माण गर्दा माटो कटान र पटान गर्दा एवं सतह खुल्लै राख्दा उल्लेखनीय धुलोहरु हावामा उड्न पुग्छन् । काठ, दाउरा, पराल, कोइला लगायत अन्य इन्धनहरु बाल्दा वा जलाउँदा ब्लेक कार्बनहरु वायुमा मिसिन पुग्छन् । मौसमी रुपमा हुने वन डढेलो पनि कणीय उत्सर्जनको अर्को मूख्य कारक हो। हाल सन् २०२५ मा नेपालको वार्षिक औषत पि.एम.को मात्रा ८३ माइक्रोग्राम १ रहेको छ, जुन विश्व स्वास्थ्य संगठनको निर्देशन (५ माइक्रोग्राम) भन्दा १६.६ गुणा धेरै रहेको छ । विगत केही वर्षहरुमा प्रदूषणको आधारमा नेपाल संसारकै तेस्रो मुलुक रहेको पाइएको छ।

कार्बन मोनोअक्साइड रंग रहित, गन्धरहित विषाक्त ग्याँस हो । शरीरमा यसको विष लाग्नुभन्दा पहिले यस ग्यासले मानिसमा अचेतना बढाइसकेको हुन्छ । कार्बन मोनोअक्साइडले रक्त कोषिकाहरुमा हुने अक्सिजन विस्थापित गरी अक्सिजन युक्त रक्तकोषिकाको सट्टा कार्बन मोनोअक्साइड युक्त रक्तकोषिका बनाउँछ र यसबाट अक्सिजन सोसन र संवाहनमा समस्या गर्छ। नियमित रुपमा चुरोट पिउनेहरुको शरीरमा कार्बन मोनोअक्साइड युक्त रक्तकोषिका ९% सम्म हुन सक्छ। यदि ३० प्रतिशतभन्दा धेरै रक्तकोषिकाहरु कार्बन डाइअक्साइड युक्त भएमा प्राय टाउको दुख्ने चक्कर लाग्ने, वाकवाकी लाग्ने, छाती दुख्ने र ७० प्रतिशतभन्दा अधिक हुन गएमा हृदयघात र मृत्य पनि हुने हुन्छ। यसको मुख्य स्रोतमा इन्धनको अपूर्ण जलन नै हो। अत्यधिक सवारी साधनहरु गुड्ने सडक क्षेत्र सवारी साधनहरु लाम भएर बस्ने ट्राफिक लाइट भएको सडक खण्डहरुमा यसको उत्सर्जन मात्रा अत्यधिक भई चालक र वरपर रहेका मानिसहरुमा सोचको कमी एवं निर्णय क्षमता घटाउने हुनाले लक्षणहरु प्रकट हुनु अगावै दुर्घटनाहरु पनि हुन जाने हुन्छ। कुनै पनि इन्जिनमा १ लिटर पेट्रोल खपत हुँदा सरदर २० देखी ५० ग्राम सम्म र डिजेलबाट ५-१५ ग्राम सम्म कार्बन मोनोअक्साइड उत्सर्जन हुन्छ । त्यसै गरी इन्धन जलाएर चल्ने उद्योगहरु (ब्वइलर भट्टी फर्नेस)मा काम गर्ने श्रमिकहरु कार्बन मोनोअक्साइडको अत्यधिक जोखिममा हुन्छन् भने अनियन्त्रित उत्सर्जनबाट नजिकमा रहेका आवाशिय क्षेत्रहरुमा समेत यसको मन्द र दीर्घकालिन प्रभाव परिरहेको हुन्छ। कार्बन मोनोअक्साइड २०० पाट्‌र्स पर मिलियन(पि.पि.एम.) (१० लाखको २०० भाग)को मात्राले मानिसमा निर्णय लिने क्षमतामा ह्रास गर्ने र १६०० पि.पि.एम. पुग्यो भने १ घण्टा भित्र मानिसको ज्यान जान सक्ने भएकोले अमेरिकाको व्यवसायिक सुरक्षा तथा स्वास्थ्य निकाय (ओशा)ले श्रम स्थलमा ८ घण्टाको अवधीमा ५० पि.पि.एम. भन्दा धेरै कार्बन मोनोअक्साइड हुनु हुँदैन भन्ने मापदण्ड राखेको छ। नेपालको राष्ट्रिय वायु गुणस्तर मापदण्ड, २०६९ मा ८ घण्टाको अवधिमा कार्बन मोनोअक्साइडको मात्रा १० हजार माइक्रोग्राम प्रति घन मिटर (०.०१ पि.पि.एम.) कायम गरेकोले यो मापदण्ड व्यवहारमा उतार्न कठिन छ। तर सवारी साधनहरुको लागि युरो ६ मापदण्ड लागू गरेको कार्य सर्हानीय छ।

नियमित रुपमा चुरोट पिउनेहरुको शरीरमा कार्बन मोनोअक्साइड युक्त रक्तकोषिका ९% सम्म हुन सक्छ । निकोटिन र कार्बन मोनोअक्साइड दुबै मिलेर मानिसको स्नायु प्रणाली सुस्त बनाउँछ र केही पलको लागि राहत महशुस भए जस्तो हुन्छ । साथै यसै बाट मुटुको चाल पनि सुस्ताउँछ भने शरीरको दिमाग लगायत अन्य अंग प्रत्यगंमा पुग्नु पर्ने अक्सिजन कार्बन मोनोअक्साइडले रोक लगाउने हुँदा यो ग्यासले सुस्त विचार ल्याउने र प्रत्येक कोषको उर्जा उत्पादन घटाउछ। रक्त कोषिकाहरुमा बस्न पुगेका कार्बन मोनोअक्साइडहरु शरीरबाट बाहिर निस्किन ४०/५० घण्टा लाग्ने हुन्छ। नेपालको राष्ट्रिय वायु गूणस्तर मापदण्डेँ २०६९ मा ८ घण्टाको अवधीमा कार्बन मोनोअक्साइडको मात्रा १० हजार माइक्रोग्राम प्रति घन मिटर (०.०१ पि.पि.एम.) कायम गरेको छ जुन अमेरिकी व्यवसायिक सुरक्षा तथा स्वास्थ्य निकायले दिएको मापदण्ड भन्दा पनि कडा देखिन्छ।

दाउरा होस् वा कोइला वा डिजेल वा पेट्रोल सबै खालका इन्धन जल्नको लागि वायुमा भएको अक्सिजन पनि चाहिन्छ । हावामा अक्सिजनभन्दा धेरै नाइट्रोजन ग्यास हुने भएकोले भट्टी वा इञ्जिनभित्र अक्सिजनका साथै नाइट्रोजन ग्यास पनि पस्छ र उच्च तापक्रममा नाइट्रिक अक्साइड बनिरहेको हुन्छ । नाइट्रिक अक्साइड इन्जिन वा भट्टी बाहिर उत्सर्जन हुँदा वायुको अक्सिजनसँग प्रतिक्रिया गरेर नाइट्रोजन डाइअक्साइड बनाउँछ। सुनौलो र खैरो रंग हुने यस नाइट्रोजन डाइअक्साइडले नाक, घाँटी र आँखा पिरो गराउने र श्वाँसनली र छातीभित्र रहेको वाफ (पानी) सँग प्रतिक्रिया गरि अम्ल (एसिड) बनाउने र दीर्घकालिन रुपमा अस्थमा दम रोग गराउने, हृदय र रक्त प्रवाहसम्बन्धी रोगहरु र क्यान्सर गराउने विशेषता बोकेको हुन्छ । घामको उज्यालोमा वायुमा नाइट्रोजन डाइअक्साइडले ओजोन ग्यास पनि बनाउँछ। यसरी इन्धन जलेर वायुमा उत्सर्जन भएका नाइट्रोजन डाइअक्साइड, अक्सिजन र जल्न नसकेका हाइड्रो-कार्बन मिलेर परअक्जि-एसिटाइल-नाइट्रेट वा पि.ए.एन बनाउछ जुन एकदमै क्रियाशील हुन्छ। पि.ए.एन.सँग सम्पर्कमा आउने सबै पदार्थ वा शरीरको अंग-प्रत्यङ्गमा तुरुन्तै रसायनिक प्रतिक्रिया भएर क्षति पुग्ने हुन्छ । अझ नाइट्रोजन डाइअक्साइड, ओजोन र पि.ए.एन. मिश्रण हुँदा वायुमा सुनौलो-खैरो रंगको तुवालो बन्छ र सो तुवाँलो युक्त वायु, सास फेर्ने सबै प्राणीको लागि घातक हुन्छ। ओजोन ग्यास आफै पनि विषादी ग्याँस हो र यसलाई निसंक्रमणको लागि प्रयोग गर्ने गरेको हामी सबैलाई थाहा छ । भौगोलिक रुपमा बन्द रहेका उपत्यका एंवले हावा नचल्ने जस्ता स्थानहरुमा, अत्यधिक सवारी साधन चल्ने सडक खण्ड एवं वरपर र औद्योगिक क्षेत्रहरुमा नइट्रोजन डाअक्साइड, ओजोन, पि.ए.एन. र खैरो तुवाँलो बनिरहेको हुन्छ र यिनी सबैबाट हामी नकरात्मक रुपमा प्रभावित भइरहेका हुन्छौं।

नेपालमा राष्ट्रिय वायु गूणस्तर मापदण्ड, २०६९ ले नाइट्रोजन डाइअक्साइड २४ घण्टासम्म ८० माइक्रोग्राम प्रतिघन मिटर तोकेको छ, तर विश्व स्वास्थ्य संगठनअनुसार नाइट्रोजन डाइअक्साइड २४ घण्टाको समयमा २५ माइक्रोग्राम प्रति घन मिटर र वार्षिक सरदर १० माइक्रोग्राम प्रति घन मिटर कायम गर्नु पर्ने निर्देशिका जारी गरेको छ । नाइट्रोजन डाइअक्साइडको मात्रा १० माइक्रोग्राम मात्रै पनि जोखिमपूर्ण रहेको ठहर विश्व स्वास्थ्य संगठनले गरेको छ। ओजोन ग्याँसको लागी ८ घण्टाको अवधीमा १०० माइक्रोग्राम प्रति घन मिटर (०.००१ पि.पि.एम.) सम्म हुनुपर्ने भनी विश्व स्वास्थ्य संगठनले तोकेको छ भने नेपालको मापदण्डमा ओजोन १५७ माइक्रोग्राम प्रति घन मिटर तोकिएको छ ।

अर्को मूख्य वायु प्रदूषक सल्फर डाअक्साइड ग्यास हो। जुन मूख्यत सल्फर युक्त इन्धनको जलनबाट उत्सर्जन हुन्छ । सल्फर डाइअक्साइड ग्यास रंगहीन भएता पनि यसको गन्ध सलाइको काँटी जल्दा निस्कने गन्ध जस्तो हुन्छ। पानीमा सजिलै घुल्ने भएकोले वायुमा हुने पानीका अणुहरु सँग क्रिया गरी सल्फ्यूरस एसिड बनाइरहेका हुन्छन् । साथै मानिसको आँखा नाक श्वासनली फोक्सो र रगतमा समेत पानीको मात्रा हुने भएकोले यस ग्याँसबाट पिरोपन महशुस गर्न सकिन्छ र यसले शरीरभित्र अम्ल बनाएर हानी पुऱ्याइरहेको हुन्छ । कुहिरो लागेको बेला र वर्षातको मौसममा वायुमा एसिडको मात्रा बढाउने सल्फर डाइअक्साइड नै प्रमुख कारक हुन्छ भने यसले पनि वायुमण्डलमा तुवाँलो विकास गर्दछ । स्टिल एवं धातु उद्योग र इट्टा उद्योगहरुमा प्राय कोइलामा आधारित भट्टी हुने भएकोले उद्योगहरु नै सल्फर डाइअक्साइडका मुख्य कारक हुन् । सन २०२४ को तथ्याङ्कअनुसार नेपालले १०.६५ लाख टनभन्दा धेरै कोइला आयात गरेको देखिन्छ। प्रति किलो कोइलामा लगभग ४० ग्राम सल्फर हुने भएकोले प्रति किलो कोइला जलेर निस्कने धुँवामा लगभग ८० ग्राम सल्फर डाइअक्साइड ग्यासको मात्रा हुने गर्दछ । प्रति घन मिटरको वायुमा ८० ग्राम सल्फर डाइअक्साइड मिसिंदा यसको मात्रा ८० पि.पि.एम. हुन जान्छ। सल्फर डाइअक्साइडको मात्रा ५ पि.पि.एम.मा श्वाँस लिन वाधा हुने, १० पि.पि.एम.मा हाच्छ्यूँ र खोकी लाग्ने र २० पि.पि.एम.मा मास्क लगाउनु पर्ने हुन्छ । एक घण्टाभन्दा धेरै अवधिमा यदि सल्फर डाइअक्साइड ५० देखि १०० पि.पि.एम. पुग्यो भने श्वासनलीमा बाधा पुगी मृत्य समेत गराउन सक्तछ । अमेरिकाको ओशा संस्थाले कार्यस्थलमा यसको मात्रा ८ घण्टाको सरदर ५ पि.पि.एम. सम्म हुनु पर्ने तोकेको छ भने विश्व स्वास्थ्य संगठनले २४ घण्टामा ४० माइक्रोग्राम प्रति घन मिटर (०.००००४ पि.पि.एम.) तोकेको छ । नेपालको राष्ट्रिय वायु गुणस्तरको मापदण्ड २०६९ ले सल्फर डाइअक्साइडको मात्रा २४ घण्टाको लागि ७० माइक्रोग्राम प्रति घन मिटर तोकेको छ।

यसरी वायुमा रहने वा उत्सर्जन गरिएका कण एवं ग्यासहरुको लागि सीमा वा मापदण्ड निर्धारण गरेको नीतिलाई अझ प्रभावकारी र व्यवहारिक बनाउनको लागि वायु गुणस्तर मापदण्ड प्रचलनमा आएको छ। वायु गुणस्तर सूचाङ्कको लागि कण (पि.एम. २.५ र पि.एम. १०), कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड, नाइट्रोजन डाइअक्साइड र ओजोन ग्यास गरी ६ वटा प्रदूषकहरुको मात्रा प्रतिमिनेट वा प्रतिघण्टा मापन गरेर प्रायः प्रतिघण्टादेखि वा बाह्रै महिनासम्मको औषत लिएर सो अवधिको लागि वायु गुणस्तर सूचाङ्क निकालिन्छ । स्वास्थ्य जोखिमको आधारमा वायु गुणस्तर सूचाङ्कलाई ६ वटा रंग सहितको वर्गहरुमा बाँडिएका हुन्छन् । ए.क्यू.आइ. शूण्यदेखि ५० सम्म स्वच्छ (हरियो), ५१ देखि १०० सम्म मध्यम (पहेलो) १०१ देखी १५० सम्म बालक, वृद्धा र रोगीहरुको लागि अस्वस्थयकर (सुन्तली) ५१ देखि २०० सम्म सबैको लागि अस्वस्थ्यकर (रातो) २०१ देखि ३०० सम्म हानिकारक (वैजनी) र ३०१ देखि ४०० सम्म विपद्जन्य (गाढा खैरो) र ४०१ भन्दा माथि अत्यन्त विपद्जन्य (गाढा खैरो) मानिन्छ। वायु गुणस्तर सूचाङ्क डिस्प्लेमार्फत् सार्वजनिक गर्दा सूचाङ्कका अंकहरु सम्बन्धित रंगहरुमा देखाइएका हुन्छन् । अन्तर्राष्ट्रिय रुपमा ध्यान दिने हो भने वायु गुणस्तर सूचाङ्कको लागि प्रदूषकहरुको मात्रा फरक हुन सक्छन् । पि.एम.२.५ को मात्रा चीनमा ३५ माइक्रोग्राम सम्मैं अमेरिकामा ९ माइक्रोग्रामसम्म, इण्डियामा ३० माइक्रोग्रामसम्मको मात्राको आधारमा निसक्ने ए.क्यू.आइ. स्वच्छ मानिएको छ। नेपालमा पि.एम. २.५ को मात्रा २४ घण्टाको औषत ४० माइक्रोग्राम प्रति घन मिटर हुनुपर्ने मापदण्ड भएता पनि वायु गुणस्तर सूचाङ्कको हकमा अमेरिकाको आधार लिएको देखिन्छ।

हामी सजग हुनलाई नै वायु गूणस्तर सूचाङ्क अर्थात् ए.क्यू.आइ. व्यवहारमा आएको हो । सूचाङ्क बमोजिम हामी घर भित्रै बस्ने, बाहिर कति निस्कने वा कतिसम्म भौतिक एवं शारीरिक कृयाकलापहरु गर्ने, बालबालिका, वृद्ध एवं स्वास्थ्य जोखिममा रहेकाहरुको कृयाकलाप कतिसम्म सीमित गर्ने वा कस्तो वायु भएको बेला विपद्को रुपमा नै लिने, सो स्थानमा जाने कि नजाने, जाने भए कति समय भित्र निस्किने, जाँदा के कस्तो सावधानी लिएर जाने आदी जस्ता सुझाव रहेको बुझ्न सकिन्छ भने अर्कोतर्फ प्रदूषक तत्वहरुको स्रोत र वितरणअनुसार आवश्यक नियन्त्रण र नियमन कसरी गर्न सकिन्छ भन्ने मार्गदर्शन पनि वायु गूणस्तर सूचाङ्कले दिईरहेको हुन्छ । जस्तै कुनै स्थानको ए.क्यू.आइ.को मात्रा १३१ (सुन्तली रंग) र मूख्य कारक कार्बन मोनोअक्साइडको मात्रा ११.४ पि.पि.एम. देखियो भने यस अवस्थामा बालबालिका, वृद्धा वा शारीरिक रुपमा दुर्बलहरुलाई असर धेरै हुन सक्छ र सोहीअनुसार सावधानी अपनाउनु पर्दछ भन्ने जनाउँछ भने सो क्षेत्रको कार्बन मोनोअक्साइड नियन्त्रणको लागि धुँवा उत्सर्जन गर्ने सवारी-साधन, कोइलामा आधारित उद्योगहरु र आगलागीसम्बन्धी अन्य सबै घटनाहरु तत्कालै नियमन र नियन्त्रण गर्न जरुरी छ भन्ने जनाउँदछ। तर नेपालमा उच्च ए.क्यू.आइ.का मुख्य कारकमा प्रायः धुलोका कणहरु (पि.एम.२.५) नै रहेको देखिन्छ।

देशभरी आजसम्म कूल ३१ वटा वायु गुणस्तर मापन केन्द्रहरुको स्थापना भइसकेको छ। काठमाडौं उपत्यकामा ७ वटा गरेर बाग्मती प्रदेशमा कूल ११ वटा, सुदुर पश्चिममा आछाम, भिमदत्त र धनगढी गरेर ३ वटा, रारा र सुर्खेत गरेर कर्णालीमा २ वटा, नेपालगंज, घोराही, देउखुरी र लुम्बिनी गरेर लुम्बनी प्रदेशमा कूल ४ वटा, गण्डकी प्रदेशमा ४ वटा, मधेस प्रदेशमा जनकपुर र सिमरा गरेर २ वटा र कोशी प्रदेशमा ५ वटा वायु गुणस्तर मापन केन्द्रहरु जडान भएका छन्। यसमध्ये २३ वटा निष्कृय र मर्मतको पर्खाइमा रहेका देखिन्छन्। लुम्बिनी प्रदेश भित्र देउखुरीको स्टेशन बाहेक अन्य सबै निष्कृय रहेका छन् । यसको अलावा निजीस्तरबाट वा स्वयंसेवाको रुपमा विभिन्न व्यक्ति एवं संघसस्थाहरुले पनि हलुका उपकरणहरु प्रयोग गरेर वायु गूणस्तर मापन गर्ने गरेको पनि देखिन्छ । तर ती पनि प्रभावकारी छैनन् र आधिकारिक मान्न सकिन्न । देश भित्र जडान भएका वायु गुणस्तर मापन केन्द्रहरुले मापन गरेका ए.क्यू.आइ.को माध्यमले उपलब्ध भएका विभिन्न शहर वा स्थानहरुको वायुको गुणस्तरबारे सर्वसाधरणमा जानकारी गर्नु गराउनु सरकारको कर्तव्य हो । सरकारले मुख्यतया काठमाडौं र केही बाहिरका स्थानहरुमा डिस्प्ले स्क्रिनहरु जडान गरेको भए पनि धेरै डिस्प्लेहरु निष्कृय रहेका छन् । ए.क्यू.आइ. सूचाङ्कले खासमा अति नै महत्वपूर्ण वातावरणीय ज्ञान र प्रमाणको रुपमा हेरिन जरुरी छ।

(लेखक वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशका वरिष्ठ वातावरण निरीक्षक हुन् । )



**सडकमा हिउँ पन्छ्याउँदै :**
नेपाल-चीन उत्तरी कोरला नाकास्थित कोरला सडकलगायत भन्सार, सशस्त्र प्रहरी कार्यालय भवनमा जमेको हिउँ पन्छ्याउँदै सशस्त्र प्रहरी । तस्विरः सुन्दरकुमार थकाली/रासस

# विपिनको स्मृतिमा 'विपिन चोक' नामाकरण



दोधारा चाँदनी (कञ्चनपुर) । प्यालेस्टिनी लडाकु समूह हमासले बन्धक बनाएका अवस्थामा मृत्यु भएका कञ्चनपुरका विपिन जोशीको स्मृतिमा भीमदत्त नगरपालिकाले 'विपिन चोक' नामाकरण गरेको छ ।

मृतक विपिनको घर जाने सडक पूर्वपश्चिम राजमार्ग र ब्रह्मदेव लिङ्क सडकको मुख्य चोकको नाम विपिन जोशी चोक नामाकरण गरिएको हो । भीमदत्तनगर कार्यपालिकाको निर्णयपछि नगरपालिका र वडा कार्यालयले औपचारिक रूपमा उक्त चोकको नामाकरण गर्दै विपिन जोशीको नाम लेखिएको बोर्ड राखेको हो ।

सोही स्थानमा विपिनको सालिक निर्माण गर्ने भीमदत्त नगरपालिका-३ का वडाध्यक्ष गगन धामीले जानकारी दिए । उनका अनुसार सालिक निमार्णका लागि नगरपालिकाले रु दुई लाख बजेट विनियोजन गरिसकेको छ ।

"कार्यपालिकाबाट विपिनको स्मृतिमा विपिन चोक नामाकरण गरी सालिक बनाउने निर्णय भएको छ," अध्यक्ष धामीले भने-"सोहीअनुरुप विपिन चोक नामाकरण गरिएको छ, केही समयपछि सालिक स्थापनाकार्यलाई पूर्णता दिइन्छ ।" यसअघि भीमदत्त नगरपालिकाका नगर प्रमुख पदम बोगटीले विपिनको स्मृतिमा सालिक स्थापना गर्ने प्रतिबद्धता जनाएका थिए । विपिन चोक घोषणा कार्यक्रममा विपिनका बुवा महानन्द जोशी, दाइ किशोर जोशीलगायत परिवारका सदस्यको उपस्थिति रहेको थियो । भीमदत्त नगरकार्यपालिकाले विपिनलाई सहिद घोषणा गर्न जिल्ला प्रशासन कार्यालयमार्फत् सङ्घीय सरकारमा सिफारिससमेत गरेको वडाध्यक्ष धामीले जानकारी दिए ।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि सङ्कायका ४९ जना विद्यार्थी दुई वर्षअघि 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तरगत इजरायल पुगेका थिए । उनीहरु इजरायल पुगेको महिना दिन नपुग्दै हमासको आक्रमणमा परेका थिए ।

हमासको आक्रमणमा परेर १० विद्यार्थीको मृत्यु भएको थियो भने विपिनलाई बन्धक बनाइएको थियो । बन्धक बनाएकै अवस्थामा विपिनको मृत्यु भएको हो ।

गत कात्तिकमा इजरायल र हमासबिच जारी युद्ध अन्त्य गर्ने क्रममा अमेरिकाले प्रस्ताव गरेको मध्यपूर्व शान्ति योजनाको पहिलो चरणअनुसार बन्धक र प्यालेस्टिनी कैदी रिहा गर्ने सहमति भएपछि हमासले विपिनको शव हस्तान्तरण गरेको थियो ।

# वाणिज्य बैंकको निष्क्रिय कर्जा ४.५५ प्रतिशत

काठमाडौँ । सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मको निष्क्रिय कर्जा ४.५५ प्रतिशत रहेको तथा नाफा रु एक अर्ब ७५ करोड भएको जनाएको छ । यो अपरिस्कृत विवरण हो ।

बैंकको ६१औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको जानकारी दिए ।

"हाल पुँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्द्धन एवं विकास निर्माणका क्षेत्रमा सकारात्मक सङ्केत देखिएका छन्, यसले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ ।"-उनले भने ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोंच र सङ्कल्पका बैंकले वित्तीय सेवा प्रवाह गर्दै आएको बताए ।

कर्जा प्रवाह बढाउनु चुनौती भएको स्वीकार गर्दै उनले भने- "बैंकको पुँजीको आधार सुदृढ बनाउन रु तीन खर्ब बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको छ । बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा रु एक खर्ब ७१ अर्ब तथा तरलताका आधारमा रु एक खर्ब ३९ अर्बको लगानीयोग्य रकम देखिएतापनि पुँजी पर्याप्ताका आधारमा थप रु १८ अर्ब मात्र कर्जा प्रवाह गर्ने अवस्था छ ।"

कार्यक्रममा दिइएको जानकारीअनुसार बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ दुई लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवा दिँदै आएको छ । चुक्ता पुँजी रु १५ अर्ब ६३ करोड भएको बैंकले चालु आवका छ महिनामा कुल निक्षेप रु पाँच खर्ब ५३ अर्ब सङ्कलन तथा रु १९ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ ।

# अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा

काठमाडौँ । नेपाल राष्ट्र बैङ्कले शनिबारकाका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेथियो । निर्धारण गरिएको विनिमयदरअनुसार अमेरिकन डलरको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । अमेरिकी डलर एकको खरिददर १४६ रुपैयाँ ८१ पैसा र बिक्रीदर १४७ रुपैयाँ ४१ पैसा तोकिएको छ ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७२ रुपैयाँ ३१ पैसा र बिक्रीदर १७३ रुपैयाँ ०२ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९८ रुपैयाँ ५८ पैसा र बिक्रीदर १९९ रुपैयाँ ३९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८५ रुपैयाँ ६१ पैसा र बिक्रीदर १८६ रुपैयाँ ३७ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०० रुपैयाँ ५५ पैसा र बिक्रीदर १०० रुपैयाँ ९६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०६ रुपैयाँ ५० पैसा र बिक्रीदर १०६ रुपैयाँ ९४ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११४ रुपैयाँ ७५ पैसा र बिक्रीदर ११५ रुपैयाँ २२ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ २७ पैसा र बिक्रीदर नौ रुपैयाँ ३१ पैसा, चिनियाँ युआन एकको खरिददर २१ रुपैयाँ ०८ पैसा र बिक्रीदर २१ रुपैयाँ १७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३९ रुपैयाँ १५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ३१ पैसा, कतारी रियाल एकको खरिददर ४० रुपैयाँ २८ पैसा र बिक्रीदर ४० रुपैयाँ ४५ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ७१ पैसा र बिक्रीदर चार रुपैयाँ ७२ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ९७ पैसा र बिक्रीदर ४० रुपैयाँ १३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३६ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८० पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ र बिक्रीदर १० रुपैयाँ ०४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ २७ पैसा र बिक्रीदर १६ रुपैयाँ ३४ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ०७ पैसा र बिक्रीदर २३ रुपैयाँ १६ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ८३ पैसा र बिक्रीदर १८ रुपैयाँ ९० पैसा, कुवेती दिनार एकको खरिददर ४८० रुपैयाँ ३२ पैसा र बिक्रीदर ४८२ रुपैयाँ २८ पैसा , बहराइन दिनार एकको खरिददर ३८९ रुपैयाँ ३९ पैसा र बिक्रीदर ३९० रुपैयाँ ९८ पैसा, ओमनी रियाल एकको खरिददर ३८१ रुपैयाँ ३५ पैसा र बिक्रीदर ३८२ रुपैयाँ ९१ पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।

## युरोप...

गैंडहवा गाउँपालिका ६ का भिसन लोधले आफूलाई लेक्सिटाइन पठाउने भनी यादवले ९ लाख रुपैयाँ लिएर नक्कली भिसा दिएर ठगेको गुनासो गरे ।

भिसनका अनुसार उनका नातेदार सरकारी बैंकका जागिरे युवालाई पनि लेक्सिटाइन पठाउने भनी यादवले ८ लाख रुपैयाँ लिएर नक्कली भिसा दिँदा ती युवा नक्कली भिसा बोकेको अभियोगमा थाइल्याडबाट फर्किंदा मुम्बईमा पक्राउ परी ५२ दिन थुनामा बस्न बाध्य भए । उनको मुद्दा अझै नटुंगिएको र लामो समय सम्पर्कविहीन हुँदा बैंकको जागिर गुमेको भिसनले बताए ।

ठगीको शिकार बनेका युवाहरू रुपन्देहीका मात्र नभई पाल्पा, बाग्लुङ र कास्की जिल्लासम्मका रहेको पीडितहरुले जनाएका छन् ।

यादवको ठगीविरुद्ध पीडितहरु संगठित भएर कानुनी उपचार खोज्ने भएका छन् ।

पत्रकार सम्मेलनमा पीडितहरूले यादव हाल दुबईमा रहेको जानकारी दिँदै उनलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गरेका छन् । पीडितहरूले वैदेशिक रोजगारीको नाममा हुने ठगी नियन्त्रण गर्न राज्य संयन्त्र कमजोर देखिएको टिप्पणी गर्दै दोषीलाई संरक्षण गर्ने प्रवृत्तिविरुद्ध कडा कदम चाल्न सरकारसँग माग गरेका छन् । समयमै कारबाही नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत दिएका छन् । पीडितहरुले रुपन्देहीका ५ वटै क्षेत्रका उम्मेदवारहरुलाई ज्ञापनपत्र बुझाई यादवलाई पक्राउ गरी आफ्नो रकम फिर्ताको माग गर्ने जनाएका छन् ।

## पूर्व...

उम्मेदवारी दिनुअघि कुलप्रसादले फेसबुकमा लेखेका छन्-'ऐतिहासिक जनयुद्धको पहलकर्ता रोल्पाको २०५० को वर्गसंघर्षपछि आजसम्म म निरन्तर क्रान्तिकारी अभियानमा सँगै छु र रहने छु । हाल पार्टी एकताको पहलकर्ता पनि हुँ । एकतामा कैयौं घटकको मूल नेताको पार्टी कब्जाको दृश्य चुनावी अभियानमा देखेकोले मैले आजको मितिबाट पार्टीको सबै जिम्मेवारीबाट राजीनामा दिई दाङ क्षेत्र नं. १ बाट स्वतन्त्र उम्मेदवार भएको घोषणा गर्दछु ।'

यो क्षेत्रमा कांग्रेसका सह-महामन्त्री योगेन्द्र चौधरी चुनावी मैदानमा छन् । एमालेका पूर्व प्रदेशसभा सदस्य रेवतीरमण शर्मा छन् । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट देवराज पाठक छन् । विप्लव नेतृत्वको नेकपा माओवादीबाट प्रकाश शाही उम्मेदवार छन् । नेकपाभित्रको विद्रोह र रास्वपाको उदयले यहाँको चुनावी प्रतिस्पर्धा धेरै उम्मेदवारबिच हुनेछ । २०७९ को समानुपातिक मतका आधारमा एमाले पहिलो हो । त्यही मत र सादगी तथा इमान्दार नेता शर्मालाई उम्मेदवार बनाएर एमालेले जित हात पार्ने रणनीति बनाएको छ ।

०७९ को समानुपातिक मतमा कांग्रेस दोस्रो, माओवादी तेस्रो र रास्वपा चौथो रहेका थिए । तर प्रतिनिधिसभामा नेकपा एसबाट उठेका मेटमणिले कांग्रेस र माओवादीको साथमा जितेका थिए । त्यो समयमा एमालेले १९ हजार ९६९, कांग्रेसले १५ हजार ६७, माओवादी केन्द्रले ११ हजार ४५२, रास्वपाले ११ हजार ४१०, नाउपाले ७ हजार १७९, नेकपा एसले ३ हजार २१८ मत ल्याएका थिए ।

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**पृथ्वी चन्द्र अस्पताल**
**परासी, नवलपरासी -ब.सु.प.)**

## विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८२/१०/११ (25-01-2026)

यस पृथ्वी चन्द्र अस्पताल, परासी, नवलपरासी (ब.सु.प.) को लागि आ.व. २०८२/८३ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिद कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक विद्युतीय बोलपत्र आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक बोलपत्रदातालेतपशिलका खरिद कार्यका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तपशिलको राजश्व खातामा जम्मा गरेको भौचर तथा आवश्यक कागजातहरु Scan गरि मिति २०८२/११/१२ (24-02-2026) गते दिनको १२:००बजे सम्म पेश (Submit) गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरु मिति २०८२/११/१२ (24-02-2026)गते क्रमशः १४:०० बजे र १५:००बजे खोलिनेछ । विस्तृत सूचना तथा जानकारीको लागि PPMO को e–GP पोर्टल bolpatra.gov.np/egpमा तथा कार्यालयको वेबसाईटमा हेर्नुहुन र यस अस्पतालमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा सूचीत गरिन्छ ।

**तपशिलः**

| IFBNo. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| PCH/G/NCB-03/082-83 | Procurement of Medicines & Surgical Goods forHaemodialysis. | 3000.00 | 1,20,000.00 | |
| PCH/G/NCB-04/082-83 | Procurement of Medicines & Surgical Goods For Hospital Store | 3000.00 | 6,10,000.00 | |

कार्यालय प्रमुख

**Government of Gandaki Province**
**Ministry of Industry and Tourism**
**Ministry of Social Development Youth and Sports**
**Integrated Service Office**
**Nawalparasi (Ba.Su.Pu.)**

## Invitation for Bids

Date Of Publication:2082-10-11 (25-01-2026)

1. Province Government, Ministry of Industry and Tourism and Ministry of Social Development Youth and Sports Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.) invites the bids from duly registered eligible bidders for the Construction Of Given Below . Mentioned Works Under National Competitive Bidding (NCB)-Single Stage –Two envelope Bidding Procedure.

| S. N | Contract No. | Description of the Work | Minimum Construction Avg. Turnover | Construction Similar size and nature | Construction Key Activity | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ISO/PBCW /Works/NCB-03/082-83 | Construction of Samudayik PrakritikChikitsalaya Building Finishing Works Devchuli -16, Rajahar | NPR 95300000.00 | One Building Construction WorksNPR 38100000.00 | Vertified Tiles=2874.0 Sqm/years 1:4 Brick Works =335.00 Cum /years | 17,55,000.00 (valid for 120 days from the date of bid opening) | 5,000.00 | 2082/11/12 Till 12:00Noon | 2082-11/12 at 2:00 PM |

2. For Purchasing Bid Document, Name of Office: Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.), Name of Bank: RastriyaBanijya Bank Limited, Office Code No.:3500846014, Account no.: 1000100200010000, Revenue Head no.:14229
3. To deposit security in Cash: Name of Bank: RastriyaBanijya Bank Limited, Account Name: DharautiKhata, Account no: 3200100202030000
4.Last date and time for bid submission: 2082-11-12 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2082-11-12/ 14:00 Hours. ISO, Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the ISO, Nawalparasi (Ba.Su.Pu.) or through website: www.bolpatra.gov.np/egp and 078-540675

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको NEB को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।१०।१० गते भैरहवाबाट बुटवल जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः कमल पौडेल
ठेगानाः बुटवल, देविनगर
रजिष्ट्रेशन नम्बरः 795490800331
फोनः ९७४६४०७४३३

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘पाणिनिमा सुशासन र छरितो सेवामा जोड’



सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत
पाणिनि गाउँपालिका, अर्घाखाँची

अर्घाखाँची जिल्लाको पाणिनि गाउँपालिकामा हालै मात्र प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्नुभएका सुवर्ण खनालसँग सेवा प्रवाह, सुशासन, विकास निर्माण, प्रशासनिक चुनौती र अन्तरसरकारी सम्बन्धका विषयमा दैनिक लुम्बिनीका लागि अनिल नेपालीले गरेको कुराकानीको सम्पादीत अंशः

» ***भर्खरै मात्र प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाउनुभएको छ, कस्तो महसुस गरिरहनुभएको छ ?***

प्रमुख प्रशासकीय अधिकृतको रूपमा यो मेरो पहिलो जिम्मेवारी हो । स्थानीय सरकार नागरिकसँग सबैभन्दा नजिकको सरकार भएकोले जनताले हाम्रो कामलाई नजिकबाट नियालिरहेका हुन्छन् । नागरिकमैत्री प्रशासनिक प्रणाली कसरी विकास गर्ने भन्ने विषयले मलाई विशेष रूपमा छोएको छ । आम नागरिकले सरकारबाट प्रत्यक्ष लाभ महसुस गर्न सक्ने वातावरण सिर्जना गर्नु नै मेरो प्राथमिकता हो ।

» ***स्थानीय सरकार जनताको नजिकको सरकार मानिन्छ । पाणिनि गाउँपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई कसरी अघि बढाइरहेको छ ?***

सेवा प्रवाहलाई व्यवस्थित गर्न गाउँपालिकामा विभिन्न संरचनात्मक संयन्त्र तयार गरिएको छ । वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, सामुदायिक विद्यालय र गाउँपालिकाको केन्द्रीय कार्यालय नै सेवा प्रवाह र विकास निर्माणका मुख्य साझा संयन्त्र हुन् । यी संयन्त्रलाई व्यवस्थित बनाउँदै जनअपेक्षा अनुरूप अघि बढाउने लक्ष्य छ । साथै विभिन्न शाखामार्फत् योजनाबद्ध रूपमा सेवा प्रवाह र विकास योजना कार्यान्वयन भइरहेको छ ।

» ***गाउँपालिकालाई नमूनायोग्य बनाउन विशेष कुनै कार्यक्रम ल्याइएको छ ?***

नीति तथा कार्यक्रम गाउँसभाबाट पारित भई कार्यान्वयनमा आइसकेका छन् । सबै कार्यक्रमहरू नै हाम्रो लागि उत्तिकै महत्वपूर्ण छन् । कुनै एक कार्यक्रमभन्दा समग्र प्रणाली सुधार नै हाम्रो प्राथमिकता हो ।

» ***विकास, सेवा प्रवाह र सुशासन स्थापित गर्न जनप्रतिनिधिहरू कत्तिको संवेदनशील देखिनुहुन्छ ?***

जनताको मतबाट निर्वाचित जनप्रतिनिधिहरू जनताप्रति अत्यन्त संवेदनशील हुनुहुन्छ । छरितो सेवा प्रवाह, गुणस्तरीय विकास र भ्रष्टाचारमुक्त गाउँपालिका निर्माणमा उहाँहरू एकजुट हुनुहुन्छ । कार्यालयलाई आवश्यक मार्गदर्शन गर्दै सहकार्यमा अगाडि बढ्न सहयोग गरिरहनुभएको छ ।

» ***विकास निर्माणमा जनसहभागिता कस्तो छ ?***

योजनाको छनोटदेखि कार्यान्वयन र उपयोगसम्म जनताको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिता रहेको छ । सबै नागरिकको समान सहभागिता नभए पनि अगुवा नागरिक, नागरिक समाज र उपभोक्ता समितिहरू सक्रिय छन् । विकासको लाभसँग आम जनता जोडिएका छन् ।

» ***बेरूजु र सार्वजनिक खरिदको अवस्था कस्तो छ ?***

कम बेरूजु हुनु पाणिनि गाउँपालिकाको पहिचान नै हो । अघिल्लो वर्ष देशभरका गाउँपालिकामध्ये कम बेरूजु हुने पालिकामध्ये छैठौँ स्थानमा र लुम्बिनी प्रदेशमा पहिलो स्थानमा रहेको थियो । यस वर्ष पनि त्यो उपलब्धि कायम राख्ने लक्ष्यसहित काम भइरहेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रणालीमार्फत् खरिद प्रक्रिया व्यवस्थित गरिएको छ ।

» ***काम गर्दै जाँदा आएका मुख्य समस्या के-के छन् ?***

प्रशासन समूह र इञ्जिनियरिङ समूहको पर्याप्त जनशक्ति लोकसेवाबाट पूर्ति हुन सकेको छैन । नागरिकको अपेक्षा र हाम्रो साधन-स्रोतबिच ठूलो अन्तर छ । डिजिटल संक्रमणकालका कारण कहिलेकाहीँ सही सूचना नागरिकसम्म पुर्‍याउन चुनौती पनि देखिन्छ ।

» ***प्रदेश र केन्द्रसँगको अन्तरसम्बन्ध कस्तो छ ?***

संघ र प्रदेश सरकारसँग सार्वजनिक कामकै सिलसिलामा सम्बन्ध स्थापित हुन्छ । जिल्लास्तरका निकायसँग राम्रो समन्वय छ भने बाह्य निकायसँग औसत स्तरको सम्बन्ध छ । कामका सन्दर्भमा निरन्तर सम्पर्क र समन्वय भइरहेको छ ।

» ***प्रदेश र केन्द्रबाट कस्तो सहयोग पाउनुभएको छ ?***

संघीय शासन प्रणाली पूर्णरूपमा संस्थागत नहुँदा क्षेत्राधिकारको स्पष्ट बुझाइ सबै तहमा हुन सकेको छैन । यद्यपि जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालयलगायत संघ र प्रदेशका निकायसँग आवश्यक सहयोग र समन्वय भइरहेको छ ।

» ***समस्या समाधानका लागि के-कस्ता पहल भइरहेका छन् ?***

समस्या विभिन्न प्रकृतिका आउने गर्छन् । बजेट तथा योजना कार्यान्वयनका सन्दर्भमा सरोकारवालासँग छलफल, अन्तरक्रिया बैठक, सुझाव-सल्लाहमार्फत् प्रक्रिया अघि बढाइन्छ । राजनीतिक प्रकृतिका समस्या जनप्रतिनिधिको समन्वयमा समाधान गरिन्छ भने प्रशासनिक समस्या कर्मचारीहरूको राय-सुझावका आधारमा समाधान गरिन्छ ।

» ***पालिकाको स्रोत वृद्धि गर्न के-कस्ता योजना छन् ?***

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोकेका सीमित राजस्व क्षेत्रभित्र रहेर नै स्रोतको प्रभावकारी परिचालन गर्ने योजना छ । ती क्षेत्रलाई व्यवस्थित गर्दै राजस्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

» ***केन्द्र सरकारले बजेट कटौती गर्दा योजना अलपत्र पर्ने समस्या पाणिनिमा कस्तो छ ?***

केन्द्र सरकारले CMIS प्रकृतिभन्दा बाहिरबाट समावेश भएका योजनामा बजेट कटौती गरेको हो । सो बाहेकका योजनामा हालसम्म बजेट कटौती भएको जानकारी छैन । त्यसअनुसार योजनाहरू कार्यान्वयन हुँदै गइरहेका छन् ।

# नयाँ दलसँग भविष्यबारे थाहा छैन : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ आएका राजनीतिक दलहरूसँग भोलिको भविष्यबारे केही पनि थाहा नभएको टिप्पणी गरेका छन् ।

शनिबार पार्टी मुख्यालय च्यासलमा आयोजित पार्टी प्रवेश कार्यक्रममा सम्बोधन गर्ने क्रममा उनले नारायण गोपालले सुनाएको गीत स्मरण गरे ।

‘सायद नारायण गोपालले गाउनुभएको होला, भोलि उठी कहाँ जाने केही थाहा छैन, फर्कि आउने हो कि होइन केही थाहा छैन,’ ओलीले भने- ‘उहाँ (नयाँ दल) हरूको यात्रा त्यस्तै हो । भोलि कहाँ जाने त्यो पनि थाहा छैन, भोलि के गर्ने त्यो पनि थाहा छैन ।’

आफूले नयाँ भनिएका दलका एक जनाको फेसबुक स्टाटस हेरेको बताए । उक्त स्टाटसमा आफूलाई मोटोमुनि गाडिदिने कुरा लेखेको भन्दै ओलीले आपत्ति जनाए ।

‘एउटा स्टाटस हेरेको थिएँ मैले, अहिलेको नयाँहरूले लेखेछन्, केपी ओली महत्वपूर्ण हुनुहुन्छ, त्यसकारण उहाँलाई मोटोमुनि गाडेर सुरक्षित गर्नुपर्छ । कस्तो मति, कस्तो बुद्धि, कस्तो राजनीति, हामी विचार गर्न सक्छौं ?’- ओलीले भनेका छन् ।

अहिले देश बनाउने र जलाउनेबिचको लडाइ जारी रहेको ओलीको भनाइ छ ।

‘कस्तो पवित्र भावना हेर्नुस् त, मान्छे गाडिदिने ज्युँदै । त्यसकारण देश जलाउने र बनाउनेकाबिचको लडाइ छ अहिले । हामी देश बनाउने काममा जुट्नुपर्छ ।’-उनले भने ।

# नयाँ आएपछि सबै ठिक हुन्छ भन्नु गलत हो : विप्लव




बुटवल । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नेत्रविक्रम चन्दले ‘पूराना दल गलत भएकोले नयाँ दल चाहिन्छ’ भन्ने नारा क्रान्तिकारी नभई जनतालाई भ्रमित पार्ने भुलभुलैया मात्रै भएको टिप्पणी गरेका छन् ।

शनिबार आयोजित पार्टीको निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यक्रममा उनले हाल राजनीतिक वृत्तमा फैलाइएको नयाँ-पूराना दलको बहस वास्तविक समस्याबाट ध्यान हटाउने प्रयास मात्रै भएको बताएका हुन् ।

‘अहिले लागेको नारामा पुराना दल गलत, नयाँ दल चाहिन्छ भन्ने नारा चाँही क्रान्तिकारी नारा होइन । यो चाहीँ भुलभुलैया गर्ने, जनतालाई भ्रमित पार्ने नारा हो । यहाँ दलसँगको समस्या होइन, जनतलो चाहेको त सत्ता हो नी । जनताले चाहेको त आफ्नो सेवा गर्ने हो, आफ्नो पक्षमा निर्णय गर्ने हो । न्यायपूर्ण ढंगले फैसला लिने सत्ता चाहिएको हो नि जनताले । त्यो नयाँ दल र पुराना दलको कुरा होइन ।’- विप्लवले भने ।

अहिले सत्ताको बहस ओझेलमा पारेर बाहिरी फैलाइएको नयाँ र पुराना दलको हल्लाखल्ला सत्य नभएको दाबी उनको थियो ।

नयाँ दलप्रति जनतामा देखिएको आशा केही हदसम्म पुराना दलको असफलताबाट जन्मिएको भए पनि पूरानो राज्यसत्ता यथावत रहेसम्म नयाँ दल आएर मात्रै समस्या समाधान नहुने उनको भनाइ छ ।

‘पूराना दलहरु कामै नलाग्नेगरी खत्तम भए, त्यहाँबाट भ्रष्टाचार जन्मियो, विकृति जन्मियो, त्यहाँबाट सारा जनतालाई लुटपाट भयो, देश चाहीँ राष्ट्रघातमा पर्‍यो भन्ने हिसाबले पुराना दलले गरेनन् भन्नेकुरा एक तहसम्म त मिल्छ, तर यो चाहीँ कति सत्य होइन भन्दाखेरि नयाँ दल आउने बित्तिकै यो सत्ता यस्तै रह्यो भने अनि ठिक भइहाल्छ भन्ने कुरा चाँही सत्य होइन ।’- विप्लवले सुनाए ।

नयाँ नेता र पुराना नेताको बहस पनि वास्तविक निकास दिने तर्क नरहेको उनले बताए ।

उनका अनुसार २५-३० वा ४०-४५ वर्षको नयाँ अनुहार आएपछि सबै ठिक हुने र पूरानो मान्छेले राम्रो गर्न सक्दैन भन्नेकुरा सत्य होइन ।

‘पूराना नेताको समस्या हो तर नयाँ नेता र पूराना नेताको समस्या पनि मुख्य होइन । नयाँ आउने वित्तिकै, कुनै नयाँ अनुहार टक्क परेको भर्खरको २५/३० वर्षको या ४०/४५ वर्षको मान्छे आउने बित्तिकै राम्रो गरिहाल्छ र पुरानो मान्छेले चाहीँ राम्रो गर्दैन भन्ने कुरा चाहीँ सत्य कुरा होइन ।’- विप्लवले भने ।

# जिल्लास्तरीय पूर्वसैनिक ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

देवदह । रुपन्देहीको देवदहमा आयोजित प्रथम जिल्लास्तरीय पूर्वसैनिक ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगिताअर्न्तगत भएको भेन्ट्रासतर्फ बलबहादुर राना र दिलबहादुर गुरुङ्गको जोडीले उपाधि जितेको छ । प्रतियोगिताको फाइनल खेलमा प्रितम सारु र पुरण रानाको जोडिलाई पराजित गर्दै उपाधि जितेको हो । खेलमा २१-१६, २३-२१ को सोझो सेटमा प्रितम सारु र पुरण रानाको जोडिलाई हराउँदै बलबहादुर राना र दिलबहादुर गुरुङ्गले उपाधि जितेको हो ।

उपाधि जितेसँगै बलबहादुर राना र दिलबहादुर गुरुङ्गको जोडीले नगद २० हजार र ट्रफी प्राप्त गरेको छ । प्रतियोगितामा उप-विजेता बनेको प्रितम सारु र पुरण रानाको जोडिले नगद १५ हजारसँगै ट्रफी प्राप्त गरेको छ । त्यसैगरी खुल्लातर्फ भएको प्रतियोगितामा नविन गुरुङ्ग र पुरण रानाले उपाधि जितेको छ ।

फाइनल खेलमा दिपक गलामी र श्याम घर्तीको जोडीलाई हराउँदै उपाधि जितेको हो । खेलमा २१-१५, २१-१८ को सोझो सेटमा नविन गुरुङ्ग र पुरण रानाले उपाधि जितेको हो । उपाधि जितेसँगै नविन गुरुङ्ग र पुरण रानाले नगद ५ हजार र ट्रफी प्राप्त गरेको छ । उप-विजेता बनेको दिपक गलामी र श्याम घर्तीले नगद ३ हजारसँगै ट्रफी प्राप्त गरेको छ ।

त्यसैगरी सुपर भेन्ट्रासतर्फ भएको खेलमा देवबहादुर सारु र गोरे विरकट्टाले उपाधि जितेको छ । फाइनल खेलमा दुर्गाबहादुर गुरुङ्ग र निरबहादुर रानालाई २१-१५, २१-१७ मा सोझो सेट जितेको हो । जितसँगै देवबहादुर सारु र गोरे विरकट्टाले नगद ८ हजार, ट्रफी प्राप्त गरेको छ । उप-विजेता बनेको दुर्गाबहादुर गुरुङ्ग र निरबहादुर रानाले नगद ६ हजार र ट्रफी प्राप्त गरेको छ । खेलमा तृतीय हुने पहलसिं थापा, मिन सारु र दलबहादुर थापा, गंगा पुनले नगद ४/४ हजार प्राप्त गरेका छन् । प्रतियोगितामा भेन्ट्रासतर्फ नेत्रबहादुर काम्मु, लालबहादुर थापा, सुकबहादुर राना, घमबहादुर गाहा तृतीय हुँदै नगद ७/७ हजार र ट्रफी प्राप्त गरे ।

# निर्वाचन स्वच्छ भए पहिलो पार्टी बन्छौं : प्रचण्ड



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले निर्वाचन स्वच्छ भए आफू नेतृत्वको पार्टी पहिलो बन्ने दाबी गरेका छन् ।

शनिबार विभिन्न पार्टीबाट प्रवेश गरेकाहरूलाई स्वागत गर्दै उनले यस्तो बताएका हुन् ।

‘निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन सकियो भने आगामी निर्वाचनमा पहिलो पार्टी नेपाली कम्युनिष्ट पार्टी बन्न सक्छ ।’- प्रचण्डले भनेका छन् ।

पार्टीलाई बलियो बनाएर मात्र राष्ट्र र जनताको हित सुनिश्चित गर्न सकिने उनको आग्रह छ ।

प्रचण्डको सचिवालयका अनुसार शनिबार विभिन्न पार्टी परित्याग गर्दै ५२ युवा नेपाली कम्युनिष्ट पार्टीमा प्रवेश गरेका छन् ।

# बाँकेका दुर्गम स्थानमा कुष्ठरोगीको पहिचान खुल्दै




नेपालगञ्ज । बाँकेका दुर्गम स्थानमा कुष्ठरोगीको पहिचान खुल्दै जान थालेको छ । चालू आर्थिक वर्षको छ महिनामा थप ८६ जना नयाँ कुष्ठरोगी पहिचान भएका छन् । साउनदेखि पुस महिनासम्म ५७ जना पुरुष र २९ जना महिला गरी ८६ जना कुष्ठरोगी पहिचान भएको जानकी गाउँपालिका-३ स्थित साइनिङ अस्पताल आइएनएफ बाँकेले जनाएको छ ।

साइनिङ अस्पताल आइएनएफ बाँकेले विश्व कुष्ठरोग दिवसको पूर्वसन्ध्यामा यहाँ पत्रकारसँगको अन्तरक्रियामा अस्पताल प्रमुख मङ्गलबहादुर थारुले बाँकेका नरैनापुरलगायतका दुर्गम स्थानमा कुष्ठ रोगका नयाँ बिरामी फेला परेको उल्लेख गर्दै सबैभन्दा बढी मधेसी समुदायमा सो रोग देखिएको जानकारी दिए । त्यस बाहेकह थारु समुदायमा पनि कुष्ठ रोगका बिरामी देखिएका छन् ।

“बाँकेमा कुष्ठरोगको प्रभाव दर उच्च रहेकाले यसको न्यूनीकरण सबैको साझा प्रयासमा मात्र सम्भव रहेको छ ।”-प्रमुख थारुले भने ।

बाँकेमा ३६, बर्दियाका १२, जाजरकोट, रुकुम र कैलालीका पाँच पाँच, अछामका तीन, दैलेखका दुई, दाङ, प्यूठान, रोल्पा र सल्यानका एकएक जना र भारतीय १४ जना कुष्ठरोगी फेला परेको अस्पतालले जनाएको छ । गत वर्ष १७४ जना नयाँ कुष्ठरोगी भेटिएकोमा बाँकेका मात्र ९३ जना थिए ।

२४ शैयाको सो अस्पतालले त्यस अवधिमा नौ हजार ८३१ जनालाई वहिरङ्ग सेवासमेत प्रदान गरेको जनाएको छ । त्यसैगरी स्वास्थ्य समस्या पहिचान तथा अनुगमनका लागि अन्य प्रयोगशालाबाट १० हजार ७९५ जनाको परीक्षण गरिएको छ भने ७०४ जनाको स्नायुको कार्यक्षमता जाँच गरिएको छ । यो जाँच अपाङता शीघ्र पहिचान तथा रोकथामका लागि गर्ने गरिन्छ । त्यसैगरी अपाङगताबाट नै जोगाउन ६९ जनालाई फिजियोथेरापी अभ्यास गराइएको छ । नेपालमा सन् २०१० मा नै राष्ट्रियस्तरमा कुष्ठरोग निवारण भइसकेको छ । तर, बाँकेमा भने कुष्ठरोगको प्रभाव दर उच्च देखिएको छ । आइतबार कुष्ठरोग दिवस मनाइँदैछ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com